**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १४ अक्तूबर २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- केन्द्रीय मन्त्रीमण्डलले राष्ट्रिय सामाजिक सहायता कार्यक्रमलाई बर्ष २०२६-२७ देखि बर्ष २०३०-३१ सम्म पाँच वर्षका लागि निरन्तरता दिन स्वीकृति दिएको छ।

- केन्द्रीय मन्त्रिमण्डलले आई.डी.बी.आई बैंकको पुनर्गठनलाई पनि स्वीकृति दिएको छ।

- पश्चिम बंगालमा औद्योगिक विकासलाई बढावा दिने उद्देश्यका साथ हल्दियामा ६ हजार करोड रुपियाँको निवेशमा नयाँ फिनोल र एसिटोन प्लान्ट स्थापना गरिएको छ।

- उत्तर बंगालका आईजी सुकेश कुमार जैनले आज खोरीबारीको रानीगञ्ज पुलिस चौकी परिसरमा नवनिर्मित पुलिस ब्यारेकको उद्घाटन गर्नुभयो।

- पश्चिम बंगाल सरकारले मदरसा सेवा आयोगलाई विद्यालय सेवा आयोगमा बिलय गरेको छ।

**केन्द्रीय मन्त्रीमण्डल**

केन्द्रीय मन्त्रीमण्डलले राष्ट्रिय सामाजिक सहायता कार्यक्रमलाई बर्ष २०२६-२७ देखि बर्ष २०३०-३१ सम्म पाँच वर्षका लागि निरन्तरता दिन स्वीकृति दिएको छ। मन्त्रिमण्डलको बैठकपछि सञ्चारकर्मीहरूलाई जानकारी दिँनुहुदै सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, मन्त्रिमण्डलले सामाजिक सुरक्षाका लागि ५३ हजार ४२८ करोड रुपियाँ खर्च गर्ने प्रस्ताव पारित गरेको छ। उहाँले भन्नुभयो, दिव्यांगजन पेन्सन योजना अन्तर्गत सहायता रकम अब ७९ वर्षसम्म उमेर समूहका लागि ३७५ रुपियाँ र ८० वर्ष र सो भन्दा माथिको उमेरका लागि ६२५ रुपियाँ हुनेछ। श्री वैशनले भन्नुभयो, प्रधान मन्त्री सामाजिक सहायता योजना अन्तर्गत बेन्चमार्क अपाङ्गताको मापदण्ड ४० प्रतिशत हुनेछ जबकि वर्तमान दिव्यांगजनहरूका लागि ८० प्रतिशत छ। उहाँले भन्नुभयो, यस अन्तर्गत अब दिव्यांगता पेन्सनको लागि न्यूनतम उमेर मापदण्ड जन्मदेखि नै हुनेछ। उहाँले सबै 36 राज्य र केन्द्र शासित प्रदेशहरूमा कुल 3 करोड 20 लाख लाभार्थीहरू यस स्वीकृतिबाट लाभान्वित हुने बताउनु भयो।

**केंद्रीय मंत्रिमंडल - आईडीबीआई बैंक - पुनर्गठन**

केन्द्रीय मन्त्रिमण्डलले आई.डी.बी.आई बैंकको पुनर्गठनलाई पनि स्वीकृति दिएको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले एम.एस.एम.ई र नयाँ उद्योगहरूको विकासमा बैंकहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनु भएको छ। उहाले बैंकका लागि एक रणनीतिक साझेदार चयन गरिएको र यसको मद्दतले बैंकमा नयाँ पुँजी निवेश गरिने बताउनु भयो। श्री वैष्णवले पुनर्गठित बैंकमा भारत सरकार र भारतीय जीवन बीमा निगमको ३४ प्रतिशत हिस्सेदारी रहनेछ।

**केन्द्रीय मन्त्रीमण्डल- रेलवे कर्मचारी**

केन्द्रीय मन्त्रीमण्डलले उत्कृष्ट कार्य सम्पादनको कदर गर्दै ११ लाख ४० हजारभन्दा अधिक रेलवे कर्मचारीहरूलाई ७८ दिनको उत्पादकतासँग जोडिएको बोनस - पीएलबी भुगतानलाई अनुमोदन गरेको छ। मन्त्रिमण्डलले बोनसको भुक्तानीका लागि दुई हजार ९ करोड रूपियाँ स्वीकृत गरेको छ। नयाँ दिल्लीमा प्रधान मन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा केन्द्रीय मन्त्रिमण्डलको

बैठकपछि पत्रकारहरूलाई जानकारी दिँदै सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले योग्य रेल कर्मचारीहरूलाई प्रत्येक वर्ष चाडपर्वअघि पीएलबीको भुक्तान गरिने बताउनु भयो ।

1-Byte-अश्विनी वैष्णव

**पश्चिम बंगाल -औद्योगिक विकास**

पश्चिम बंगालमा औद्योगिक विकासलाई बढावा दिने उद्देश्यका साथ हल्दियामा छ हजार करोड रुपियाँको निवेशमा नयाँ फिनोल र एसिटोन प्लान्ट स्थापना गरिएको छ।

2-Byte-रोशनी छेत्री

मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज चतुर्थीको अवसरमा यस प्लान्टको उद्घाटन गर्नुभयो l यो हल्दिया पेट्रोकेमिकल्स लिमिटेडको पूर्ण स्वामित्वमा रहेको सहायक कम्पनी एडपर्मा प्राइभेट लिमिटेडले निर्माण गरेको हो। उद्घाटन समारोहमा मुख्यमन्त्री शुभेन्दु अधिकारी, राज्य उद्योग मन्त्री तापस रोय, परिवहन मन्त्री अर्जुन सिंह र मुख्य सचिव मनोजकुमार अग्रवालसहित धेरै गणमान्य व्यक्तिहरू उपस्थित हुनुहुन्थ्यो l उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुदै मुख्यमन्त्री शुभेन्दु अधिकारीले अब राज्यमा औद्योगिक विकासको यो लहरलाई कसैले रोक्न नसक्ने बताउनु भयो । उहाले भन्नुभयो - डबल इन्जिन सरकारको नेतृत्वमा पश्चिम बङ्गाल द्रुत गतिमा अघि बढ्नेछ र आगामी दिनहरूमा राज्यमा थप औद्योगिक निवेश आउनेछ। नयाँ परियोजना अन्तर्गत प्रति वर्ष तीन लाख पैंतालीस हजार टन फिनोल र दुई लाख पन्ध्र हजार टन एसिटोन उत्पादन गर्ने लक्ष्य राखिएको छ।

**उत्तर बंगाल आईजी -खोरीबाड़ी पुलिस बैरक - उद्घाटन**

उत्तर बंगालका आईजी सुकेश कुमार जैनले आज खोरीबारीको रानीगञ्ज पुलिस चौकी परिसरमा नवनिर्मित पुलिस ब्यारेकको उद्घाटन गर्नुभयो । यस क्रममा उहालाई जिल्ला पुलिसले गार्ड अफ अनर प्रदान गरेको थियो । उद्घाटनपछि आईजीले दूरबीनको सहायताले वाच टावरबाट भारत–नेपाल सीमाको निरीक्षण गर्नुभयो । उहासित दार्जीलिङ रेन्जका डीआईजी जयिता बोस र जिल्ला पुलिस अधीक्षक श्रीकान्त जगन्नाथ राव पनि उपस्थित हुनुहुन्थ्यो । उहाले भ्रमणको क्रममा एसएसबीकी आईजी वन्दना सक्सेनासँग बैठक गर्नुहुदै निगरानी जाँच चौकी र सीमा क्षेत्रको पनि अवलोकन गर्नुभयो । आईजीले बैठकमा सीमा सुरक्षालाई सुदृढ गर्ने र अवैध गतिविधि रोक्ने विषयमा चर्चा भएको बताउनुभयो । उहाले सिलिगुडी करिडोर संवेदनशील क्षेत्र भएको बताउनु हुदै भारत–बंगलादेश, भारत–भुटान र भारत–नेपाल सीमाको निगरानी भइरहेको जानकारी दिनुभयो । उहाले दुर्गा पूजालाई ध्यानमा राखेर सुरक्षा व्यवस्था कडा पारिएको जानकारी दिनुभयो ।

3-Byte - आईजी सुकेश कुमार जैन

**शहरी विकास मन्त्री -झाँकी**

दुर्गोत्सवको अवसरमा आसनसोल नगरनिगमले शहरवासीहरूलाई चाड़पर्वको शुभकामना पुऱ्याउनको लगि विशेष पहल गरेको छ। आज नगरनिगम परिसरबाट चार वटा विशेष झाँकीहरूलाई प्रस्थान गराइयो। राज्यकी शहरी विकास मन्त्री अग्निमित्रा पालले हरियो झण्डी देखाएर झाँकीहरूलाई प्रस्थान गराउनुभयो l यस अवसरमा आसनसोल नगरनिगमका आयुक्त दिलीप मिश्र पनि उपस्थित हुनुहुन्थ्यो ।
प्राप्त जानकारी अनुसार चार वटा झाँकीहरूको माध्यमबाट शहरका विभिन्न क्षेत्रमा पुगेर मानिसहरूलाई चाड़पर्वको बधाई दिइनेछ। यसबाट दुर्गोत्सवको आनन्द र उत्सवको सन्देश सम्पूर्ण शहरभरि फैलाउने प्रयास गरिंदैछ l

**पश्चिम बंगाल सरकार -मदरसा सेवा आयोग -बिलय**

पश्चिम बंगाल सरकारले मदरसा सेवा आयोगलाई विद्यालय सेवा आयोगमा बिलय गरेको छ। यो अधिसूचना हिजो साँझ जारी गरिएको हो । राज्य मन्त्रिमण्डलले ५ अक्टोबरमा यस निर्णयलाई मन्जुरी दिएको थियो। मुख्यमन्त्री शुभेन्दु अधिकारीले केही दिनअघि मदरसामा सबै नियुक्तिहरू अब बिद्यालय सेवा आयोग मार्फत गरिने घोषणा गर्नुभएको थियो । अल्पसंख्यक मामिला मन्त्री खुदीराम टुडुले यो निर्णयले मदरसामा शिक्षकहरूको पारदर्शी र निष्पक्ष भर्ती सुनिश्चित गर्ने बताउनु भएको छ ।

**दुर्गापूजा - भाजपा सांसद जयंत राय**

जलपाईगुडीका भाजपा सांसद जयन्त रायले दुर्गा पूजाको माहौलमा राज्यको राजनीतिक अवस्थालाई लिएर पूर्ववर्ती ममता बनर्जी सरकारको आलोचना गर्नुभएको छ । लगभग १ सय किलो सुनको गहनाले सजाइएको दुर्गाको मूर्तिसहितको पूजा पंडालको उद्घाटन गर्न हिज राती सिलगडी आईपुग्नु भएका भाजपा सांसद जयन्त रोयले यस्तो टिप्पणी गर्नुभएको हो । ममता बनर्जीको शासनकालमा मानिसहरूले खुलेर दुर्गा पूजा गर्न नपाएको तर अहिले परिस्थिति परिवर्तन भएको उहाले दाबी गर्नुभएको छ ।

**कोलकाता - दुर्गा पूजा उत्सव**

कोलकातामा दुर्गा पूजा धार्मिक उत्साहका साथ मनाइँदैछ। आज चतुर्थी हो र शहरमा हर्षोल्लासको माहौल छ। रंगीचंगी पंडालहरू, झिलिमिली बत्तीहरू र ढाकको पध्वनिले पूरै शहर उत्सवमय भएको छ। पंडालहरू अन्तिम रूप दिन तयारी तीव्र गतिमा भइरहेको छ। ठूलो संख्यामा मानिसहरू उत्सवको आनन्द लिन, पण्डालहरूमा भ्रमण गर्न र पूजा किनमेल गर्न आफ्नो घरबाट बाहिर निस्किरहेका छन्।

**पश्चिम बंगाल पुलिस**

पश्चिम बंगाल पुलिसको विशेष टास्क फोर्स (एसटीएफ) ले कोलकाताको अयुबनगर क्षेत्रमा छापा मारेर अवैध हतियार निर्माण गर्ने एकाईको पर्दाफास गरेको छ।

**********